# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
## साधारण सेवा, तह ९, उप प्रबन्धक पदको खुला र आन्तरिक प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम
## एवं परीक्षा योजना

पाठ्यक्रमको रुपरेखा :– यस पाठ्यक्रमको आधारमा निम्नानुसार चरणमा परीक्षा लिइने छ :

**१. प्रथम चरण : – लिखित परीक्षा** **पूर्णाङ्क :– २००**

| पत्र | विषय | पूर्णाङ्क | उतीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या X अङ्क | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | खण्ड क : समष्टीगत आर्थिक व्यवस्था<br>खण्ड ख : वित्तीय र लगानी सम्बन्धी | १०० | ४० | विषयगत | ६ प्रश्न X १० अङ्क<br>२ प्रश्न X २० अङ्क<br>(समस्या समाधान) | ३ घण्टा |
| द्वितीय | व्यवस्थापन र सेवा सम्बन्धी | १०० | ४० | विषयगत | ६ प्रश्न X १० अङ्क<br>२ प्रश्न X २० अङ्क<br>(समस्या समाधान) | ३ घण्टा |

**२. द्वितीय चरण : – अन्तर्वार्ता** **पूर्णाङ्क :– ३०**

| विषय | पूर्णाङ्क | उतीर्णाङ्क | परीक्षा प्रणाली |
|---|---|---|---|
| अन्तर्वार्ता | ३० | - | मौखिक |

**द्रष्टव्य :**

१. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी हुनेछ ।

२ प्रथम र द्वितीय पत्रको लिखित परीक्षा छुट्टाछुट्टै हुनेछ ।

३. लिखित परीक्षामा यथासम्भव पाठ्यक्रमका सबै एकाईबाट प्रश्नहरु सोधिनेछ ।

४. विषयगत प्रश्नमा प्रत्येक पत्र/विषयका प्रत्येक खण्डका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरु हुनेछन् । परिक्षार्थीले प्रत्येक खण्डका प्रश्नहरुको उत्तर सोही खण्डका उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।

५. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/विषयका विषयवस्तुमा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम, विनियम तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्क्रममा परेको सम्झनु पर्दछ ।

६. प्रथम चरणको परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणको परीक्षामा सम्मिलित गराइनेछ ।

७. पाठ्यक्रम लागू मिति :–

## प्रथम पत्र :- समष्टीगत आर्थिक व्यवस्था, वित्तीय र लगानी सम्बन्धी

### खण्ड-क. समष्टिगत आर्थिक व्यवस्था (५० अंक)

**१ प्रमूख आर्थिक परिसुचकहरु :**
राष्ट्रिय उत्पादन तथा मापन, लगानी तथा वचत, रोजगारी, गरिबीको स्थिति तथा असमानता, विनिमय दर, मूल्य स्थिति, सरकारी खर्च, राजस्व, आन्तरिक ऋणको विद्यमान प्रवृत्ति ।

**२. आर्थिक नीति तथा योजना :**
उद्योग, वाणिज्य, पर्यटन, विदेशी लगानी, रोजगार, कृषि, पर्यावरण तथा ऊर्जा नीतिहरु र यी नीतिहरुको बिश्लेषण र कार्यान्वयन पक्ष; राष्ट्रिय आर्थिक योजना- उद्देश्य, नीति तथा कार्यक्रमहरु; योजनाबद्ध विकासको अवधारणा र चालु आवधिक योजना, राष्ट्रिय विकासमा सार्वजनिक संस्थानहरुको भूमिका, दिगो विकास लक्ष्य (Sustainable Development Goals)।

**३. सरकारी वित्त नीति :**
उद्देश्य, उपकरणहरु, मौद्रिक, मूल्य तथा बाह्य क्षेत्रसंग सम्बन्ध; कार्यान्वयनका चूनौतीहरु; तरलता व्यवस्थापन, विदेशी सहायता र आन्तरिक तथा वाह्य ऋण व्यवस्थापन ।

**४. वैदेशिक व्यापार:**
वैदेशिक व्यापारको संरचना र प्रवृत्ति, विविधिकरणका प्रयासहरु र उपलब्धि; भूक्तानी स्थिति; क्षेत्रीय, द्विपक्षीय तथा वहूपक्षीय आर्थिक व्यापार, वैदेशिक व्यापारसंग सम्बन्धित निकाय तथा संस्थाहरु र तिनको प्रभावकारिता; शोधनान्तर स्थिति ।

**५.उदारीकरण निजीकरण तथा भूमण्डलीकरण:**
नेपालमा संरचनात्मक समायोजन कार्यक्रम र आर्थिक सूधार तथा उदारीकरण; आर्थिक विकासमा सार्वजनिक तथा निजी क्षेत्रको साझेदारी, निजीकरण तथा भूमण्डलीकरण ।

### खण्ड-ख. वित्तीय तथा लगानी सम्बन्धी (५० अंक)

**१. वित्तीय व्यवस्था:**
वित्तीय संस्था, मध्यस्थकर्ता तथा तीनीहरुको भूमिका तथा वित्तीय सम्पत्ति व्यवस्थापन, वित्त बजारमा सरकारको भूमिका

**२.निक्षेप तथा गैर निक्षेप संस्था:**
अवधारणा, संरचना, गतिविधि तथा विशेषताहरु । बैंक तथा वित्त कम्पनीहरु । बिमा कम्पनी तथा योजनाहरु । Pension Fund, सामूहिक लगानी योजनाको अवधारणा, प्रकार, नियमन, व्यवस्थापन । केन्द्रीय बैंकको उद्देश्य तथा भूमिका र मौद्रिक नीति ।

**३.वित्तीय सम्पत्तिको मूल्य तथा ब्याजदरको निर्धारक तत्वहरु :**
वित्तीय सम्पत्तिको विशेषता तथा मूल्यांकन, यस सम्बन्धी सिद्धान्तहरु । Share Valuation , Bond Valuation । ब्याजदरको आवधिक संरचना (Term Structure of Interest Rate) तथा यस सम्बन्धी सिद्धान्तहरु । जोखिम-प्रतिफल, वित्तीय सम्पत्ति मूल्यांकन विधि (Assets Pricing Model), Present

Value and Future Value, Capital Budgeting Technique, Cost of Capital, Breakeven Analysis/Ratio Analysis/ Financial Statement Analysis/ Investment-Speculation-Gambling

**४. ऋणपत्र, सेयर तथा अन्य धितोपत्रहरुः**

धितोपत्रको प्रकृति, मुद्राबजारका औजारहरु, निश्चित आय धितोपत्र, सेयर, Derivatives (Forward, Future, Option)।

**५.लगानी सिद्धान्तको विकासक्रमः**

जोखिम तथा प्रतिफल सम्बन्धको इतिहास, Markovitz Theory, Capital Asset Pricing Model, The Arbitrage Pricing Theory, Three Factor Model, Efficient Market Hypothesis, Random Walk Hypothesis, Behavioral Finance, Portfolio Management.

यस पत्र विषयको पाठ्यक्रमबाट यथासम्भव नियमानुसार प्रश्न सोधिनेछ ।

| **खण्ड** | **अङ्कभार** | **प्रश्न संख्या** | |
|---|---|---|---|
| | | **लामो उत्तर** | **समस्या समाधान** |
| क | ५० | ३ प्रश्न x १० अङ्क | १ प्रश्न x २० अङ्क |
| ख | ५० | ३ प्रश्न x १० अङ्क | १ प्रश्न x २० अङ्क |

## द्वितीय पत्र :–व्यवस्थापन र सेवा सम्बन्धी

**खण्ड-क** (५० अंक)

**१.संगठनः**
संगठनको परिचय, स्वरुप तथा संगठन गठनका आधारहरु, संगठनका सिद्धान्तहरु (आदेशको एकात्मकता, नियन्त्रणको सीमा, पदशोपान) र नेपालको सार्वजनिक क्षेत्रमा त्यसको प्रयोग, संगठनात्मक प्रभावकारीता र प्रभाव पार्ने तत्वहरु ।

**२.व्यवस्थापन**:
व्यवस्थापनको अवधारणा, प्रकार र आधारभूत सिद्धान्तहरु, कुशल व्यवस्थापकका कार्य र गुणहरु, व्यवस्थापकीय सीप र शैलीहरु, मानव श्रोत व्यवस्थापन : प्राप्ति, विकास, उपयोग र सम्भार, व्यवस्थापनका केही प्रमुख पक्षहरु : कार्य सम्पादन मूल्याङ्कन, तनाव व्यवस्थापन, समय व्यवस्थापन, उत्प्रेरणा र यस सम्बन्धी सिद्धान्तहरु, परिवर्तन व्यवस्थापन, द्वन्द्व व्यवस्थापन, गुनासो व्यवस्थापन, रणनैतिक योजना, संगठनात्मक व्यवहार, समूह गतिशिलता, समूहगत कार्य, श्रमिक संगठन, सामूहिक सौदाबाजी, वार्ता तथा सम्झौता गर्ने सीपहरु, परिवर्तन तथा नवप्रवर्द्धन व्यवस्थापन (Managing Change and Innovation): संगठनात्मक परिवर्तनको स्वरुप, परिवर्तन प्रकृयाका चरणहरु, परिवर्तनीय अवरोधहरुको पहिचान तथा समाधान, SWOT Analysis

**३.अनुसन्धानः**
Research Question, Objectives of Research, Hypothesis Formulation, Sampling, Data Collection, Literature Review, Research Design, Presentation and Analysis

**४.पारदर्शीता तथा खुलासा (Transparency and Disclosure) :**
परिचय, उद्देश्य तथा महत्व, गैर वित्तीय खुलासा, बजार केन्द्रीत पारदर्शीता तथा खुलासा, पारदर्शीता तथा खुलासाका क्षेत्रमा देखिएका चुनौतीहरु ।

**५.असल संस्थागत शासन (Good Corporate Governance)**:
परिचय, उद्देश्य, महत्व, संस्थागत सुशासनका स्तम्भहरु (Pillars of Corporate Governance). नियम तथा संस्थाहरु, सार्वजनिक तथा निजी संस्थाहरुमा संस्थागत सुशासनको अवस्था ।

**खण्ड-ख** (५० अंक)

**१.नेपालको पुँजी बजारः**
पुँजी निर्माण तथा लगानीको महत्व, नेपालमा पुँजी बजारको विकासक्रम, प्राथमिक तथा दोस्रो बजार, नेपाल स्टक एक्सचेञ्ज लिमिटेडको परिचय, काम, कर्तव्य र अधिकार, वर्तमान अवस्था, गतिविधि र चूनौतीहरु, दोस्रो बजार कारोबारको सुपरिवेक्षण तथा अनुगमन । सम्पत्ति शुद्धीकरण निवारण र दोस्रो बजार कारोबारको अन्तर्सम्बन्ध । नेपालको धितोपत्र बजारको वर्तमान अवस्थाको

विश्लेषण र अर्थतन्त्रमा यसको योगदान नेपाल धितोपत्र बोर्ड, धितोपत्रको केन्द्रीय निक्षेप प्रणाली, धितोपत्र व्यवसायी, क्रेडिट रेटिङ्ग, धितोपत्र दलाल व्यवसायी, सामूहिक लगानी कोष, नेपालको धितोपत्र कारोवार प्रणाली, धितोपत्र बजार सूचकांकहरु, परिसूचक (Index) गणना विधि, Maintenance of Index, Popular Index । Index को प्रयोग, ETF, नेपाल स्टक एक्सचेन्जले गणना गर्ने परिसूचकहरु ।

**२. नियमन निकाय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुः**

नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, बिमा समिति, कम्पनी रजिस्ट्रार। धितोपत्र सम्बद्ध अन्तर्राष्ट्रिय संघसंस्थाहरु, International Organization of Securities Commissions (IOSCO), Association of National Numbering Agency (ANNA), विश्व बैङ्क (WB), अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF), एसियाली विकास बैंक (ADB), Multilateral Investment Guarantee Corporation, International Finance Corporation, International Development Association, World Federatio of Exchanges (WFE), South Asian Federation of Exchanges (SAFE) बारेमा जानकारी ।

**३.ऐन, नियम र निर्देशिकाहरुः**

६.१ धितोपत्र सम्बन्धी ऐन, २०६३
६.२ नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४
६.३ धितोपत्र बजार संचालन नियमावली, २०६४
६.४ धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली,२०६४
६.५ धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४
६.६ धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३
६.७ धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७
६.८ सामूहिक लगानी कोष नियमावली, २०६७
६.९ क्रेडिट रेटिङ नियमावली, २०६८
६.१० सामूहिक लगानी कोष निर्देशिका, २०६९
६.११ धितोपत्र निष्काशन निर्देशिका, २०६५
६.१२ लगानी व्यवस्थापन (Portfolio Management) सम्बन्धी निर्देशिका, २०६७
६.१३ धितोपत्र बाँडफाँट सम्बन्धी निर्देशिका, २०६८
६.१४ धितोपत्र दलाल व्यावसायीले पालना गर्नुपर्ने व्यवसायीक मर्यादा सम्बन्धी निर्देशिका, २०५८
६.१५ सरकारी ऋणपत्र दोश्रो बजार व्यवस्थापन नियमावली, २०६२
६.१६ सरकारी ऋणपत्र दोश्रो बजार कारोबार संचालन नियमावली, २०६२ ।
६.१७ धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८
६.१८ धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी निर्देशिका, २०७३
६.१९ ओटिसी (ओभर द काउन्टर) बजार सञ्चालन विनीयमावली, २०६५
६.२० धितोपत्र बजारको सदस्यता तथा कारोवार विनियमावली, २०५५
६.२१ धितोपत्र बजारको सूचिकरण विनियमावली, २०५३
६.२२ धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०७०
६.२३ कम्पनी ऐन, २०६३
६.२४ सम्पत्ति शुद्धिकरण निवारण ऐन, २०६४

यस पत्र विषयको पाठ्यक्रमबाट यथासम्भव नियमानुसार प्रश्न सोधिनेछ ।

| **खण्ड** | **अङ्कभार** | **प्रश्न संख्या** | |
|---|---|---|---|
| | | **लामो उत्तर** | **समस्या समाधान** |
| क | ५० | ३ प्रश्न X १० अङ्क | १ प्रश्न X २० अङ्क |
| ख | ५० | ३ प्रश्न X १० अङ्क | १ प्रश्न X २० अङ्क |